# कटहरिया नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कटहरिया, रौतहट
## मधेश प्रदेश,नेपाल

कटहरिया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटहरिया, रौतहट
मधेश प्रदेश नेपाल

पत्र संख्या :- २०७८/०७९
चलानी नं. :- ८४३

मिति :२०७८/११/०३

**विषय : राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने सम्बन्धमा ।**

**श्री कटहरिया न.पा.स्थित सबै सरकारी कार्यालयहरु,रौतहट**

उपरोक्त सम्बन्धमा जिल्ला प्रशासन कार्यालय २०७८।०७९ च.न. ११४०० मिति :२०७८।११।०२ गतेको पत्र बाट अवगत भयो/ सदा झै राष्ट्रिय प्रजातन्त्र दिवस २०७८ फाल्गुन ६,७ र ८ गते तिन दिनसम्म हर्षोल्लास पूर्वक भव्यता साथ मनाउने सम्बन्धमा राष्ट्रिय प्रजातन्त्र दिवस,२०७८ मूल समारोह समितिका अध्यक्ष तथा सम्माननिय प्रधान मन्त्रि शेरबहादुर देउवा ज्यूको अध्यक्षतामा २०७८।१०।२५ गते बसेको बैठकबाट पारित कार्यक्रम मोताबिक स्थानिय स्तरमा निर्धारित स्वास्थ्य सुरक्षा मापदण्ड अपनाई कार्यक्रम आयोजना गरी दिवस मनाउने जानकारी गराईएको व्यहोरा अनुरोध छ ।

.......................११/०३

रामप्रकाश साह
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
गौर, रौतहट
(प्रशासन शाखा)
फोन नं. ०५५-५२०३६९,
फ्याक्स ०५५-५२००३३,

पत्र संख्या : ०७८/०७९
चलानी नं. : ११४००

मिति :२०७८/११/०२

**विषय : राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने सम्बन्धमा ।**

**श्री जिल्ला स्थित सबै सरकारी कार्यालयहरु, रौतहट ।**

उपरोक्त सम्बन्धमा गृह मन्त्रालय, ( कार्यालय व्यवस्थापन तथा जिन्सी शाखा), सिंहदरवार, काठमाडौंको च.नं. ५५२ मिति २०७८।१०।२५ गतेको पत्रबाट सदाझै राष्ट्रिय प्रजातन्त्र दिवस, २०७८ यही फाल्गुन ६,७ र ८ गते तीन दिनसम्म हर्षोल्लासपूर्वक भव्यतासाथ मनाउने सम्बन्धमा राष्ट्रिय प्रजातन्त्र दिवस, २०७८ मूल समारोह समितिका अध्यक्ष तथा सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाज्यूको अध्यक्षतामा २०७८।१०।२५ गते मंगलवार बसेको बैठकबाट पारित कार्यक्रम मुताविक जिल्ला स्तरमा निर्धारित स्वास्थ्य सुरक्षा मापदण्ड अपनाई तपसिल बमोजिमका कार्यक्रम आयोजना गरी दिवस मनाउने भनी लेखिआएकोले सोही बमोजिम गर्न/गराउनुहुन अनुरोध छ ।

**तपसिल**

१. जिल्ला स्थित सबै सरकारी कार्यालय, सार्वजनिक एवं सामुदायिक संघ-संस्था, शैक्षिक प्रतिष्ठान तथा निकायहरुमा राष्ट्रिय झण्डा फहराउने ।
२. सार्वजनिक निकाय र स्थलहरुको सरसफाई गरी सम्भाव्य स्थानहरुमा राष्ट्रिय झण्डा राखी सजावट सहित सौन्दर्यीकरण अभिवृद्धि गर्ने ।
३. स्थानीय छापा तथा विद्युतीय सञ्चार माध्यमहरुवाट राष्ट्रिय प्रजातन्त्र दिवससंग सम्बन्धित सन्देशमूलक कार्यक्रमहरु प्रकाशन-प्रशारण गर्ने ।
४. फाल्गुन ६, ७ र ८ गते साँझ जिल्ला स्थित सबै सरकारी कार्यालय, सार्वजनिक एवं सामुदायिक संघ-संस्था, शैक्षिक प्रतिष्ठान तथा निकाय र जिल्लावासीहरुका घर-घरमा समेत दिपावली गर्ने ।
५. दिवस केन्द्रित विभिन्न सांस्कृतिक, साहित्यिक, शैक्षिक क्षेत्र सम्बद्ध सिर्जनात्मक तथा रचनात्मक प्रतियोगितात्मक कार्यक्रमहरु आयोजना तथा सञ्चालन गर्ने ।
६. स्थानीय तहहरु र राष्ट्रिय खेलकूद परिषद् समेतको समन्वयमा विविध खेलकूद प्रतियोगिता कार्यक्रम आयोजना तथा सञ्चालन गर्ने ।

२०७८।११।०२

प्रलव कायस्थ
प्रशासकीय अधिकृत